प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, धादिङ**
वागमती प्रदेश
(कार्यक्षेत्र धादिङ जिल्ला)

मितिः २०७८/०४/२५

# राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/४/२५**

कृषि ज्ञान केन्द्र, धादिङको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार धादिङ जिल्लाका कृषकहरुमध्येबाट सम्मानित गर्नुपर्ने भएको हुदाँ राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ (दोश्रो संशोधन २०७५) मा उल्लेख भएका अनुसूची १ अनुसारको न्यूनतम मापदण्ड र अनुसूची २ र ३ अनुसारको फर्मेट भरी यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (२०७८/५/२२ गते सम्म) कृषि ज्ञान केन्द्र, धादिङमा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदकको प्रारम्भिक मुल्याङ्कन पश्चात मात्र आवश्यकता अनुसार स्थलगत अनुगमन गरिने समेत यसै सूचना द्वारा जानकारी गराईन्छ ।

नोटः- थप जानकारीको लागि यस केन्द्र र सम्पर्क कार्यालयको फोन नं. ०१०-५२०१२८/०१०-५२०४१९ मा सम्पर्क राख्न हुन र कार्यविधिका लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, काठमाडौंको वेबसाइट www.moald.gov.np बाट विस्तृत जानकारी लिनुहुन अनुरोध छ । साथै कृषि ज्ञान केन्द्र, धादिङको वेबसाइट www.akcdhading.gov.np बाट पनि सूचना लिन सक्नुहुनेछ ।

२०७८/०४/२५
प्रमुख